सोलुदुधकुण्ड नगरपालिका

༄༅། །སོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

प्रदेश नं. १ नेपाल

प.सं. २०७५/७६
च.नं.

मिति : २०७५-०९-२४

प्रेस-विज्ञप्ति

मिति २०७५ पौष २३ गते यस सोलुदुधकुण्ड नगरपालिकाका नगर प्रमुख श्री नाम्गेल जाङ्बु शेर्पाज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा भएका मुख्य निर्णय निम्न बमोजिम रहेको व्यहोरा अनुरोध गरिन्छ ।

निर्णयहरु :

१) तेस्रो नगर सभाबाट तोकिएको योजना सम्झौताको म्याद मंसिर मसान्तसम्म तोकिएकोमा माघ मसान्त सम्म थप गर्ने ।

२) नगरपालिकाबाट निर्माण भएका, मर्मत हुने एवं नगरपालिकालाई हस्तान्तरण भई आएका सडकहरुमा यस पुर्व नगर कार्यपालिकाबाट भएको निर्णय बमोजिम पटके सवारी कर र पार्किङ शूल्क संकलन व्यवस्था ठेक्काबाट संकलन गर्ने

३) नगरपालिकाले सवारी साधन नगरपालिकाबाट गठित उपभोक्ता समिति, वडा कार्यालयहरु, सरकारी निकाय तथा संघ संस्था, अन्य स्थानिय तहहरु र प्रदेश तथा संघीय सरकारका कार्यालयलाई मात्र उपलब्ध गराउने र भाडामा लगाउदा लिइने दर रेट कायम गरिएको ।

४) नगरपालिकाको नगर शिक्षा समितिको दोस्रो बैठकबाट भएका निर्णयहरु अनुमोदन गर्ने ।

५) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यस नगरपालिकालाई प्रशासनिक विभाजन गर्दा "ग" वर्गमा प्रस्ताव गरेको सम्बन्धमा "क" वर्गमा राखी दिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने ।

६) यस नगर कार्यापालिकाको मिति २०७४ चैत्र २९ को निर्णय नं. ३८ बमोजिम पहिलो चरणमा वडा नं. ४,५, र ६ भित्र फोहरमैला व्यवस्थापन गर्दा मिति २०७४ माघ १ गते देखि लागु हुने गरी व्यक्तिगत घर रू. १५०, रेष्टुरेन्ट होटल लज रु. २५०, निजी संघ संस्था तथा कार्यालयलाई रु. २५० शुल्क लिने र निम्नानुसारका फोहरमैला लगायतका स्रोतहरुमा निम्नानुसारको दरमा नगरपालिकाले खरिद गर्ने । यस्तो खरिद गर्दा टोल सुधार समितिहरुले प्रत्येक घर धुरीबाट खरिद गर्ने व्यवस्था मिलाउने र टोल सुधार समितिबाट नगरपालिकाले खरिद गर्ने ।

क) कपडा प्याक गरेका प्लाष्टिक : रू. १५० प्रति के.जी.

ख) चाउचाउ, विस्कुटका खोलहरु : रू. ३०० प्रति के.जी.

ग) चुईगम, चक्लेट, चाउचाउ मसलाका खोलहरु : रू. ५०० प्रति के.जी

घ) भाडा बर्तन प्याक गरेका प्लाष्टिक : रू. २०० प्रति के.जी.

ङ) पुराना कपडा तथा कपडाका टुक्राहरु : रु. २५ प्रति के.जी.

च) पुराना किताब कापी तथा कागज जन्य वस्तुहरु : रु. ५ प्रति के.जी.

छ) कार्टुन तथा कागजका खोलहरु : रु. २ प्रति के.जी.

Ph. No- 038-520264 Fax No- 038-520248 Website- www.solududhkundamun.gov.np Email- solududhkundamun@gmail.com

ज) दुध तथा खानेतेलका खोलहरु : रु. १५० प्रति के.जी.

झ) शिसाजन्य वस्तुहरु लगायत पेय पदार्थका वोतलहरु।

१) २५० ml वोतलहरु : रू. १ प्रति ओटा

२) ५०० ml वोतलहरु : रू. १.२५ प्रति ओटा

३) ७५० ml वोतलहरु : रू. १.५० प्रति ओटा

४) सो भन्दा माथिका वोतलहरु : रू. १.७५ प्रति ओटा

५) प्लाष्टिक जन्य वोतलहरु : रु. ५० प्रति के.जी.

ञ) पुराना वाल्टि, पाइप तथा प्लाष्टिक जन्य वस्तुहरु रू. ३ प्रति के.जी.

ट) फलाम र आल्मुनियम जन्य पुराना धातुहरु : रू. ५ प्रति के.जी.

ठ) ईलेक्ट्रोनिक जन्य पुराना मेशिनरी फोहर जन्य वस्तुहरु : रू. ५ प्रति के.जी.

७) खानेपानी तथा ढल निकास विभागबाट प्राप्त हुने रु. २०,००,०००।०० वडा नं. ४ फाप्लुमा कार्यन्वयन गर्ने।

८) सोलुदुधकुण्ड नगरपालिकाको पर्यटन प्रवर्द्धनका लागि नेपाल पर्यटन बोर्डको च.न. ०५-०७५-०७६-१४ मिति २०७५-०९-१७ को पत्र अनुसार पिके डाँडा पदमार्ग अध्ययन कार्यक्रम स्वीकृत भएको हुदाँ सो अध्ययन कार्याक्रम कार्यन्वयनका लागि अनुरोध गर्ने।

९) नगरपालिकाको डिजिटल प्रोफाईल बनाउने।

१०) वडा नं. ४ फाप्लु देखि शुरु गरिएको सडक बत्ती व्यवस्थापन गर्न सल्लेरी च्यालसा जलविद्युत कम्पनि संग प्रति एक सय वाट चिमको दैनिक १० घण्टा बल्ने अनुमानको आधारमा मासिक रू. १३० का दरले उपलब्ध गराउने गरि सम्झौता गरि सडक बत्ती जडान गर्ने।

११) नगरपालिकाको हेभी एक्युपमेन्ट संचालन कार्यविधि २०७५ स्वीकृत गर्ने।

१२) उपभोक्ता समिति मार्फत जन्तरधाप-टाप्टिङ हुदै सडक नाला, सोलिङ, कल्भर्ट, क्रस सेक्सन, ग्याबिन वाल निर्माण र च्यालसा देखि छुल्यामुको नयाँ ट्रयाक निर्माण गर्ने कार्य तत्काल अगाडि बढाउने।

.....

शारदा माया तामाङ
शारदा माया तामाङ
प्रवक्ता प्रवक्ता